# शिखर इन्स्योरेन्स कम्पनी लि.

तह्रौं
वार्षिक साधारण सभा
को
निर्णय

शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
फोन नं. ४२४६१०१, फ्याक्स नं. ९७७-१-४२४६१०३
पोष्ट बक्स नं. १०६९२,

**विषय : तेह्रौं वार्षिक साधारण सभाको निर्णय**

आदरणीय शेयरधनी महानुभावहरु,

२०७४ पौष ७ गतेका दिन कम्पनीको केन्द्रिय कार्यालय, शिखर बिज सेन्टर, थापाथलीमा बसेको यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभाबाट पारित निर्णय जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

कम्पनी सचिव

शिखर इन्स्योरेन्स कम्पनी लि.
तेह्रौं वार्षिक साधारण सभाको
निर्णय विवरण

**१. वैधानिक सभा :**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा कम्पनीको केन्द्रीय कार्यालय भवन, शिखर बिज सेन्टर, थापाथलीमा मिति २०७४ पौष ७ गते शुक्रवार बिहान ११:०० बजे प्रारम्भ भई दिउँसो १:३० बजे सम्पन्न भयो ।

**२. सूचना प्रकाशन :**

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७४ पौष ७ गते अगावै तेह्रौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, आ.व. २०७३/०७४ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको र मिति २०७४ मंसिर १५ गते कारोबार राष्ट्रिय दैनिक र सोही सुचना २०७४ मंसिर २० गते अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी समेत गराइएको थियो ।

**३. (क) संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री राजेन्द्र प्रसाद श्रेष्ठ | अध्यक्ष |
| २. श्री आं छिरी शेर्पा | संचालक |
| ३. बुद्ध एयर प्रा.ली.को तर्फबाट श्री रमेश कुमार लुईंटेल | संचालक |
| ४. श्री सौरभ ज.ब.राणा | संचालक |
| ५. श्री उमंग अग्रवाल | संचालक |
| ६. श्री दिनेश बज्र बज्राचार्य | संचालक |
| ७. श्री स्कन्द अमात्य | संचालक |
| ८. श्री सिद्धिमान बस्न्यात | स्वतन्त्र संचलक |

(ख) पर्यवेक्षक :

१. श्री राजेन्द्र थापा - कम्पनी रजिष्ट्रारको कार्यालय

२.श्री अजय दुङ्गाना - नेपाल धितोपत्र बोर्ड

४. छलफलका विषयहरुको सूची :

<u>छलफलका विषयहरु:</u>

१. सामान्य प्रस्ताव:

क. आ.व. २०७३/७४ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

ख. आ.व. २०७३/७४ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

ग. संचालक समितिबाट प्रस्तावित १.५२६३१६% नगद लाभांश पारित गर्ने (प्रस्तावित बोनस शेयरको कर प्रायोजनार्थ )

घ. लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७४/०७५ को लागि लेखा परीक्षकको नियूक्ति तथा पारिश्रमिक तोक्ने बारे ।

ङ. कम्पनीका संचालकहरुले (पद संख्या-२) आफ्नो कार्यावधी समाप्त हुनु अगावै पेश गर्नु भएको राजीनामा पश्चात संचालक समितिबाट बाँकी समयावधिको लागी संचालक नियूक्त गर्ने सम्बन्धी भएको निर्णयहरु अनुमोदन गर्ने बारे । कम्पनीको स्वतन्त्र संचालक नियूक्तिको लागि संचालक समितिबाट भएको निर्णय अनुमोदन गर्ने बारे ।

च. विविध ।

२. विशेष प्रस्ताव:

क. सन्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पुंजीको २९ प्रतिशत बोनस शेयरको प्रस्ताव पारित गर्ने बारे ।

ख. कम्पनीको बाह्रौं बार्षिक साधारण सभाबाट निर्णय भए बमोजिम कम्पनीको चुक्ता पूंजीमा सर्वसाधारण शेयरधनीको हिस्सा ४० प्रतिशत पुऱ्याउन साधारण शेयरको नयाँ निस्काशन गर्ने निर्णय बमोजिम नेपाल धितोपत्र बोर्डमा निष्काशन स्वीकृतिको लागि निवेदन दिईएकोमा धितोपत्र बोर्डबाट साधारण शेयरको नयाँ निष्काशनका लागि स्वीकृति प्राप्त नभएको हुँदा साधारण शेयरको नयाँ निष्काशनको निर्णय खारेज गरी प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने बारे ।

ग. कम्पनीको चुक्ता पुंजीमा सर्वधारण शेयरधनीको हिस्सा बढाउन संस्थापक शेयरको २० प्रतिशत शेयर (कुल शेयरको १४ प्रतिशत) सर्वधारण शेयरमा परिणत गरी सर्वसाधारण शेयरको हिस्सा हाल कायम ३० प्रतिशत बाट ४४ प्रतिशत कायम गर्न प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने बारे ।

घ कम्पनीले संचालक समितिको निर्णय बमोजिम गरिएको चन्दा तथा समाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरुलाई अनुमोदन गर्ने बारे ।

ङ. प्रवन्ध-पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने बारे ।

च. विविध ।

१. प्रमुख कार्यकारी अधिकृतलाई बीमा समितिको निर्देशन वमोजिम स्थायी सेवा वाट निवृत गरि करारमा नियूक्त गर्दा भुक्तानी गरिएको क्षतिपुर्ति रकम र उपदान अनुमोदन गर्ने बारे ।

२. बीमा समितिवाट जारी बीमकको कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य सुविधा सम्वन्धि मार्गदर्शन, २०७४ बमोजिम प्रमुख कार्यकारी अधिकृतको तलब भत्ता तथा अन्य सुविधाहरु निर्धारण गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने बारे ।

## ५. सभाको गणपुरक संख्या :

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत(%) |
|---|---|---|---|
| शेयरधनी संख्या | १३८१० | ८३४ | ६.०४ |
| शेयर संख्या | ८,१७,६६,६८३ | ५१,३३,७७८ | ६२.७९ |

## ६. सभाको वैधानिकता र अध्यक्षता :

साधारण सभाको कार्यवाही शरु हुनु अघि कम्पनी सचिव श्री सुरज राजवाहकज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ दफा ७३ तथा कम्पनी नियमावली वमोजिम प्रक्रिया पूरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न आवश्यक गणपूरक संख्या पूरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूलाई सभाको अध्यक्षता ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

## ७. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती :

कम्पनीको तह्रौं वार्षिक साधारण सभा संचालन गर्ने क्रममा सभाका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूले विषय-सूची अनुसार संचालक समितिको आ.व.२०७३/०७४ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण सम्वन्धमा संक्षिप्त रुपमा साधारण सभामा प्रस्तुत गर्दै विगतमा भैं यस कम्पनीले निर्जीवन बीमा क्षेत्रका हरेक सूचकांकमा अग्रणी स्थानमा रहन सफल भएको जानकारी गराउनु भयो । बीमा समितिवाट २०७५ आषाढ मसान्त भित्र निर्जीवन बीमा कम्पनीहरुको नयुनतम चुक्ता पूंजी रु.१०० करोड कायम गर्न निर्देशन भए तापनि यस कम्पनीको अधिकतम चुक्ता पुंजी कायम गर्ने उद्देश्य सहित २९ प्रतिशतको बोनस शेयर प्रस्ताव गरिएको र चुक्ता पुंजीमा हुने वृद्धिले कम्पनीको धारण क्षमतामा विकास भई व्यवसाय विस्तारमा थप टेवा पुग्ने जानकारी गराउनु भयो । कम्पनीको पूंजी संरचनामा सर्वसाधारण शेयरधनीको हिस्सा बढाउन सभावाट सर्वसाधारण शेयरको नयाँ निष्काशन गर्ने निर्णय भए बमाजिम सर्वसाधारण शेयरको नयाँ निष्काशनको लागि नेपाल धितोपत्र बोर्डमा निवेदन दिईएकोमा धितोपत्र बोर्डवाट जारी धितोपत्र दर्ता तथा निष्काशन नियमावली

बमोजिम स्विकृति प्राप्त नभएको हुंदा नयाँ निष्काशन सम्वन्धी निर्णय खारेज गरी प्रवन्ध पत्र तथा नियमावली संशोधन गर्न यस साधारण सभामा प्रस्ताव पेश गरिएको जानकारी गराउनु भयो । कार्य-सुची बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सम्पुर्ण शेयरधनी महानुभावहरुले स्वीकृत गर्नु हुने आशा व्यक्त गर्दै कम्पनीको हालको अवस्थाको तुल्नात्मक विवरण तथा कम्पनीको विभिन्न योजनाहरुको सम्वन्धमा साधारण सभामा प्रस्तुत गर्न कम्पनीका प्रमुख कार्यकारी अधिकृत दिप प्रकाश पाण्डेलाई निर्देशन प्रदान गर्नु भयो ।

कम्पनीको हालको अवस्थाको तुलनात्मक विवरण तथा कम्पनीको विभिन्न योजनाहरु प्रमुख कार्यकारी अधिकृत दिप प्रकाश पाण्डेज्यूले निम्नानुसार प्रस्तुत गर्नु भयो -

- शिखर इन्स्योरेन्स कम्पनी १५ निर्जीवन बीमा कम्पनीको रुपमा स्थापना भएको र चालु आर्थिक वर्षसम्ममा ६० वटा शाखा कार्यालय तथा ३८५ जना कर्मचारी सहित नेपालको अग्रणी बीमा कम्पनीको रुपमा संचालन भईरहेको जानकारी गराउनु भयो ।
- संचालक समितिका अध्यक्ष रुपमा रहनु भएका श्री विकास ज.व.राणा तथा संचालक श्री गौरव अग्रवाल ज्यूले कार्यव्यस्तताका कारणले राजीनामा दिनु भएकाले निजहरुको ठाँउमा क्रमश: श्री सौरभ ज.व.राणा तथा श्री उमंग अग्रवाल नियूक्त हुनु भएको तथा स्वतन्त्र संचालकको रुपमा श्री सिद्धिमान वस्न्यातज्यू नियूक्त हुनु भएको सभामा जानकारी गराउनु भयो ।
- कम्पनीमा धेरै वर्षको अनुभवले खारिएका दिग्गज व्यक्तित्वहरुवाट विभागिय प्रमुखको जिम्मेवारी सम्हाल्दै उत्कृष्ट व्यवस्थापकिय भुमिका निर्वाह गर्नु भएकोमा प्रसंसा गर्दै वैठकमा जानकारी गराउनु भयो ।
- यस कम्पनीको विभिन्न सुचकाँकहरु अन्य कम्पनीसंगको तुल्नात्मक विवरण पेश गर्दै यस कम्पनी अन्य कम्पनीहरु माफ नेतृत्वदायी कम्पनीको रुपमा अगाडी वढिरहेको सभामा जानकारी गराउनु भयो ।
- निर्जीवन बीमा क्षेत्रको हरेक सुचकाँकमा अग्रणी स्थान हासिल गर्न सफल भएको तथा बीमाशुल्क, बीमालेख संख्या, दावी भुक्तानी, लगानी, असमाप्त जोखिम जगेडा, लगायत हरेक क्षेत्रमा वजार औषत भन्दा दोहोरो अङ्क कायम गर्न सफल भएको सभामा जानकारी गराउनु भयो ।
- नेपालको उत्कृष्ट बीमा कम्पनीको रुपमा लगातार तेश्रो पटक Best Managed General Insurance Company को उपाधी हासिल गर्न सफल भएको सभामा जानकारी गराउनु भयो ।
- कम्पनीको बजार हिस्सा बीमाशुल्क रकममा १५ प्रतिशत र बीमालेख संख्यमा १९ प्रतिशत तथा दावी भक्तानीमा १६ प्रतिशत रहेको सभामा जानकारी गराउदै दावी भुक्तानीलाई थप सरल र सहज वनाइने जानकारी गराउनुभयो । यसले जनमानसमा कम्पनी प्रतिको विश्वास बढ्न गई अगामी दिनहरुमा बीमा गर्दा कम्पनीको पहिलो विकल्पका रुपमा रहने विश्वास सभामा जानकारी गराउनु भयो ।
- शहर केन्द्रित रहेको बीमासेवा कृषि बीमाको माध्यमले गाँउ गाँउ सम्म पुग्न सकिने तथा कृषि बीमावाट कम्पनीलाई तत्कालिन फाईदा नभए तापनि अन्ततोगत्वा कम्पनीलाई चिनाउन मदत पुग्ने व्यहोरा सभामा प्रस्तुत गर्नु भयो ।
- बीमा बजारमा रहेको प्रतिस्पर्धाको क्रममा विभिन्न अनैतिक अभ्यास हुने गरेको परिवेशमा कम्पनी यस विषयमा सचेत रहदै बीमा ऐन नियम निर्देशिका पुर्ण पालना

गरी अगाडी बढेको जनाकारी गराउदै कम्पनीमा रहेका दक्ष एवं तालिम प्राप्त कर्मचारीहरुवाट कानून बमोजिम कार्य संचालन भई रहेको सभामा जानकारी गराउनु भयो ।

- कम्पनीको व्यवस्थापन खर्च बृद्धि हुनुको मुख्य कारणहरु मध्ये शाखा कार्यालय विस्तार, थप कर्मचारी नियुक्ति, कर्मचारीहरुलाई दिईएको सवारी साधन सुविधा तथा जारी बीमालेखमा उल्लेख्य बृद्धि रहेको जानकारी गराउनु भयो ।
- अन्य कम्पनीको व्यवसाय तान्नुको साटो बीमावजारको दायरा वढाउन आवश्यक नीति तथा कार्यक्रमका साथ अघि बढिरहेको र अन्य कम्पनीले समेत सोही बमोजिम गर्ने विश्वासका रहेको सभामा जानकारी गराउनु भयो ।
- गत आ.व.को तुलनामा यस वर्ष बीमा शुल्क आर्जनमा ३७ प्रतिशतले बृद्धि भएको तथा तोकिएको समयमै साधारण सभा सम्मपन्न गर्न सफल भएको सभामा जानकारी गराउनु भयो ।
- कम्पनीलाई महाविपत्ति जोखिमबाट सुरक्षित राख्न रु.८०० करोडको महाविपत्ति जोखिम पुनर्बीमा व्यवस्था खरिद गरिएको जानकारी गराउनुभयो । महाविपत्ति पुनर्बीमा बापत कम्पनीलाई थप भार परेतापनि यसले ढुक्कसाथ कम्पनीको व्यवसाय विस्तार गर्न मदत गर्ने जानकारी गराउनुभयो । यसका साथै कम्पनीले अवलम्वन गरेको अन्य पुनर्बीमा नीतिका सम्वन्धमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको असमाप्त जोखिम जगेडा रु.५३ करोडवाट करिव ४० प्रतिशतले वृद्धि भई रु.७४ करोड पुगेको सभामा जानकारी गराउनु भयो ।
- आ.व. २०७३।७४ मा कम्पनीको लगानी ४८ प्रतिशतले वृद्धि भएको र लगानीलाई विविधिकरण गर्दै आइरहेको जानकारी गराउनुभयो । आ.व. २०७३।७४ मा नेपालको पुंजी बजारको अवस्थासंगै कम्पनीले शेयरबाट आशातित आय आर्जन गर्न नसकिएको जानकारी गराउनुभयो ।
- मानव संसाधनको क्षेत्रमा गरिएको लगानी जसमा कर्मचारीलाई स्वदेश एवं विदेशमा तालिमको अवसर प्रदान गरिएको जसबाट कर्मचारीमा उच्च नैतिकता एवं आत्म विस्वाशका साथ जिम्मेवारी पुर्ण तरिकाले उत्तरदायित्व निर्वाह गरेको सम्वन्धमा सभामा जानकारी गराउनु भयो ।
- कम्पनीको बिभिन्न शिर्षक अन्तर्गत भएका खर्चहरुका सम्वन्धमा बिस्तृत रुपमा उपस्थित शेयरधनी महानुभावहरुलाई जनकारी गराउनु भयो ।
- कम्पनीको हालको चुनौती तथा सो लाई निराकारण गर्न कम्पनीले अवलम्वन गर्ने कार्यहरु तथा भावी योजनकाहरुका सम्वन्धमा सभामा जानकारी गराउनुभयो ।

**८. छलफलको लागि आव्हान :**

अध्यक्षज्यूले आ.व.२०७३/०७४ को संचालक समितिको तेह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु तथा विविध पक्षहरु उपर आ-आफ्नो प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तव्य एवं सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आव्हान गर्नुभएपछि निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु राख्नुभएको थियो ।

क. श्री अमृत नाथ रेग्मी
ख. श्री अशोक उप्रेती
ग. श्री नरसिंहलाल चंखु (लिखित मन्तव्य)
द्व. श्री माधव कुमार श्रेष्ठ
ङ . श्री नवराज घिमिरे
च. श्री डम्वरु वल्लभ घिमिरे
छ. श्री शिव प्रसाद पौडेल
ज. श्री उत्तम पाठक
झ. श्री रामगोपाल महर्जन
ञ. श्री जयन्द्रमान सिंह वानिया
ट. श्री दिवाकर खड्का

**९. शेयरधनीहरुबाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरु :**

*९.१. अमृतनाथ रेग्मी*

- प्रमुख कार्यकारी अधिकृतज्यूले कम्पनीको सम्पुर्ण पक्षहरुलाई समेटी शेयरधनीहरु समक्ष प्रस्तुत गर्नु भएकोमा प्रसंसा व्यक्त गर्नु भयो ।
- कम्पनीको जगेडाकोष वृद्धि गर्न सुझाव दिनु भयो ।
- जगेडाकोषमा रहेको रकम लगानी गरी प्राप्त भएको प्रतिफल राम्रो रहेकोमा प्रसंशा व्यक्त गनु भयो ।
- अनुसन्धान र विकासका लागि राम्रो मार्गदर्शनको आवश्यक्तामा जोड दिनुभयो ।
- अचल सम्पत्तिवाट प्राप्त भएको प्रतिफल सन्तोषजनक नभएकोले सो तर्फ ध्यान पुऱ्याउन व्यवस्थापनलाई आग्रह गर्नु भयो ।
- नयाँ प्रदेशिक संरचना लागु भएको परिवेशमा सातवटै प्रदेशमा कम्पनीको भौतिक उपस्थितिका लागि अचल सम्पत्तिको रुपमा जग्गा खरिद गर्न सुझाव व्यक्त गर्नु भयो ।
- राष्ट्रिय अर्थतन्त्रलाई पनि सहयोग गर्ने प्रकृतिका नीती अवलम्बन गर्नु पर्ने धारणा राख्नु भयो । स्याउ, किवि जस्ता खेतिहरुको बीमा तथा प्रवर्द्धनमा सहभागिता हुनुपर्नेमा जोड दिनुभयो ।
- विषयमा विज्ञता हासिल गरेका कर्मचारी नियूक्त गर्न जोड दिनु भयो ।
- Mass Health Insurance को अवधारणा विकास गर्नमा जोड दिनु भयो ।
- शेयरधनीहरुद्वारा कम्पनीको राम्रो कार्यसंचालन गर्ने संचालकहरुलाई सुविधाको अवधारणा अगाडी वढाउनु पर्नेमा जोड दिनुभयो ।

*९.२ श्री अशोक उप्रेती*

- शिखर इन्स्योरेन्स कम्पनीको शेयरधनी हुन पाएकोमा गर्व महसुस भएको वताउनु भयो ।
- प्रमुख कार्यकारी अधिकृतको व्यवस्थापकिय कौशलताको उच्च प्रसंसा गर्नु भयो ।
- सहकारीमा काम गर्ने कार्यकारी लगायत , क्षेत्रमा स्थानिय रुपमा कार्यरत कर्मचारी तथा शिक्षकहरुलाई कृषि विमा अभिकर्ताको रुपमा नियुक्त गर्न सुझाव दिनु भयो ।

*९.३ श्री नरसिंह लाल चंखु*

- इन्जिनियरिङ्ग, हवाई, पशुपक्षि वीमा तथा वाली बीमामा सुधार गर्नु पर्ने धारणा व्यक्त ।
- शिक्षा, स्वास्थ लगायतका क्षेत्रमा लगानीमा गर्न जोड ।
- Solvency Assessment मा ध्यान दिईएकोमा प्रसंसा व्यक्त ।

*९.४ श्री माधव कुमार श्रेष्ठ*

- २९ प्रतिशत बोनस शेयरको लागि धन्यवाद ज्ञापन व्यक्त ।
- प्रमुख सुचकांकमा राम्रो प्रगति भएको धारण व्यक्त ।
- कम्पनीका प्रमुख कार्यकारी अधिकृतको काम प्रति संतुष्टि व्यक्त ।
- सृजनात्मक कार्यहरु गरी राख्न व्यवस्थापनलाई सुभाव व्यक्त ।
- विमित विषय वस्तुहरुको नियमित निरिक्षण गर्नु पर्नेमा जोड ।
- Vision of company should be to make the shareholder missionaire भन्ने धारण व्यक्त
- Vigillinant regulator, poltical stability र efficient board of director हुनुपर्ने मा जोड ।
- Knowledge must be go through action भन्ने धारण व्यक्त ।

*९.५. नवराज घिमिरे*

- समयमै साधारण सभा सम्पन्न गर्न सकेकोमा धन्यावद व्यक्त ।
- शेयरको घट्दो मुल्यलाई रोक्नका लागि शेयर सम्वन्धी विज्ञसंग परामर्श नलिईएकोमा चिन्ता व्यक्त ।
- कम्पनीको चुक्ता पुंजी १०५ करोड पुऱ्याएकोमा प्रसंसा व्यक्त ।
- Best managegd General Insuance को रुपमा तेश्रो पटक पनि विभुषित हुन पाएकोमा बधाई ज्ञापन गर्नु भयो ।

*९.६ श्री डम्वरु वल्लभ घिमिरे*

- कम्पनीको चुक्ता पुंजी १०५ करोड पुऱ्याएकोमा प्रसंसा व्यक्त ।
- प्रगती गरेकोमा कार्यकारी प्रमुख र व्यवस्थापकलाई धन्यवाद तथा शुभकामना व्यक्त ।
- कम्पनी स्थापनाको १३ बर्षमा नै अन्य पुराना कम्पनीहरुभन्द उच्च सफलता हासिल गर्न सफल भएकोमा बधाई ज्ञापन ।

*९.७ श्री शिव प्रसाद पौडेल*

- २९ प्रतिशत बोनस शेयर तथा अन्य राम्रो कार्यहरुको लागी धन्यवाद व्यक्त ।
- ठाउँको ठाउँ भुक्तानी गर्ने योजना ल्याउन व्यवस्थापनलाई आग्रह ।
- भुकम्प सम्वन्धी दावी भुक्तानी सम्वन्धी विवरण राखि दिन आग्रह ।

- नयाँ तथा स्थानिय उत्पादनहरुको जस्तै स्याउ, किविको बीमा गर्ने बीमालेख जारी गर्न आग्रह ।

९.८ *उत्तम पाठक*

- कृषि तथा वाली बीमा अन्तर्गत कम्पनी लाई जिम्मा दिईएको जिल्लामा कृषि विशेषज्ञ राम्रो नियुक्त गरेको भए नोक्सानी घटाउन सकिने विचार व्यक्त ।
- वर्षै पिच्छ साधारण शेयरको नयाँ निष्काशन गर्दा बीमा व्यवसायमा ध्यान नपुग्ने डर रहेको अघिल्लो साधारण सभामा पनि जोड दिएको कुरा व्यक्त गर्दै बीमा कम्पनी भएको नाताले मुख्य रुपमै बीमा व्यवसायमै ध्यान दिन सुझाव व्यक्त गर्नु भयो ।
- बीमालेख नविकरणको संख्या कम रहेकोले सो प्रति ध्यान पुऱ्याउन व्यवस्थापनलाई आग्रह ।
- भुक्तानी हुन बाँकी दावी संख्या बढी भएकोमा चिन्ता व्यक्त ।
- प्रति शेयर आम्दानी कम भएकोमा चिन्ता व्यक्त ,
- समाजिक उत्तरदायित्वमा खर्च गर्न व्यवस्थापनलाई सुझाव व्यक्त ।
- संस्थापक शेयरको सर्वसाधारण शेयरमा परिणत गर्दा शेयरको वजारमुल्य कम हुनेमा चिन्ता व्यक्त ।

९.९ *श्री राम गोपाल महर्जन*

- २९ प्रतिशत भन्दा राउण्ड फिगरमा दिईएको भए अझै राम्रो हुने बिचार व्यक्त ।
- हवाई, इन्जिनिरिङ्ग बीमा घाटामा गएकोले ध्यान दिन आग्रह ।
- कर्मचारीलाई समय सुहाउँदो तालिमको व्यवस्था गर्न सुझाव व्यक्त ।
- कर्जाबाट प्राप्त हुन बाँकी ब्याजका सम्बन्धमा जिज्ञासा व्यक्त ।

९.१०. *श्री जयन्द्रमान सिंह बानिया*

- व्यवस्थापन खर्च वढि भएको हुँदा सो बारे जिज्ञासा राख्दै सुधार गर्न आग्रह ।

९.११. *श्री दिवाकर खड्का*

- शेयरमा लगानी शिर्षकमा विभिन्न कम्पनीको शेयरमा लगानी गरेको देखियो । यसमा उल्लेखित जम्मा रकम परल मुल्य भन्दा लगभग १० लाख मात्र वजार मुल्य बढी देखिएको सम्बन्धमा जानकारीको लागि अनुरोध ।

**१०. शेयरधनीहरुको जिज्ञासा उपर सभाका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूको प्रतिउत्तर :**

शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह र सुझावहरु अहम र महत्वपुर्ण भएको जानकारी गराउँदै सुझावहरु मनन गर्दै पालना गर्ने र आउँदा वार्षिक साधारण सभामा सोको आभाष हुने प्रतिवद्धता व्यक्त गर्नुभयो । अगामी साधारणसभामा अझ राम्रो परिणाम दिने बिश्वास दिलाउन प्रयत्न गरिने जानकारी गराउनु भयो ।

**शेयरधनीहरुको जिज्ञासा उपर प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेको प्रतिउत्तर :**

- व्यवस्थापन खर्चमा भएको वृद्धिको सन्दर्भमा कम्पनीको दिर्घकालिन योजना अनुरुप शाखमा भएको वृद्धि संगै कर्मचारीको नियुक्ति र सेवा सुविधामा भएको वृद्धिको कारण व्यवस्थापन खर्चमा वृद्धि हुन गएको र व्यवस्थापन खर्चमा भएको वृद्धिले चालु आ.व.को नाफामा असर गरेतापनि दिर्घकालिन रुपमा कम्पनीलाई राम्रो हुने धारणा व्यक्त गर्नुभयो ।
- मोटरवीमाको बीमा शुल्क बीमा समितिबाट जारी बीमा शुल्क दर निर्देशिका बमोजिम हुने भएकोले भएको मोटरवीमाको शुल्कवृद्धिमा कम्पनीको भुमिका नरहने भनाई व्यक्त गर्नुभयो । अण्डरराइटिङ प्रकृयामा कम्पनी सजग रहेको धारणा व्यक्त गर्नुभयो ।
- सर्वसाधारण शेयरको नयाँ निष्काशनको लागि नियमनकारी निकायबाट स्विकृति प्राप्त हुन सकेको खण्डमा कम्पनीको लागि ठुलो फड्को हुने र यसले सम्पूर्ण शेयरधनीलाई राम्रो हुने धारणा व्यक्त गर्नुभयो ।
- संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धमा संचालक समितिमा वृहत छलफल भई २० प्रतिशत शेयर परिणत गर्ने प्रस्ताव पेश भएको जानकारी गराउनुभयो । संस्थापक शेयरको ठुलो हिस्सा संचालक समितिको प्रतिनिधित्व गरिरहनुभएको कारण उहाँहरुले शेयर बेच्न नसकिने कानुनी व्यवस्था भएको हुँदा संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत पश्चात शेयर मुल्यमा सारभुत असर नपर्ने जानकारी गराउनु भयो ।
- जगेडा कोषलाई चुक्ता पुंजी सरह कायम गर्ने सम्बन्धमा आगामी दुई वर्षभित्रमा जगेडाकोषलाई चुक्ता पुँजी सरह कायम गर्न कम्पनी प्रयत्नशिल रहने जानकारी गराउनु भयो ।
- लाभांस नीति सम्बन्धमा आवश्यक छलफल तथा अध्ययन गरी लाभांस नीति निर्धारण गरिने जानकारी गराउनु भयो ।
- किविको बीमा तथा प्रवर्द्धनको लागि समेत आवश्यक अनुसन्धान गर्दै जाने जानकारी गराउनु भयो र कम्पनीको अनुसन्धान तथा विकास विभागमा सहायक महाप्रवन्धक तहको कर्मचारीले नेतृत्व गरिरहनुभएको जानकारी गराउनुभयो । नेपालको स्याउ खेतीको लागि गत आ.व. देखि मौसमी सुचकांकमा आधारित बीमा गर्दै आएकोमा चालु आ.व. देखि धान र उखुमा समेत मौसमी सुचकांकमा आधारित बीमाको थालनी गरिने जानकारी गराउनुभयो । वृहत स्वास्थ्य बीमाको सम्वन्धमा कम्पनीले पहिले देखि नै कदम चालिएको र नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम पश्चात बीमा समितिको सल्लाह बमोजिम कार्यक्रम गर्दै जाने जानकारी गराउनुभयो ।
- कृषि बीमाको प्रवद्धनको लागि कृषि सहकारी संस्थाका कर्मचारी तथा शिक्षकलाई अभिकर्ता वनाउन प्राप्त सुझावलाई स्वागत गर्नुभयो र सो को लागि आवश्यक गृहकार्य समेत गरिसकेको जानकारी गराउनुभयो ।
- सर्वसाधारण शेयरको नयाँ निष्काशन हतारमा गरियो भन्ने सन्दर्भमा कम्पनीलाई थप सुदृढ गर्न नै निर्णय गरिएको धारणा व्यक्त गर्नुभयो ।
- भुकम्प बीमा दावीको सम्वन्धमा प्राप्त जिज्ञासाको सम्वन्धमा कम्पनीमा परेको करिव १,७०० दावीहरुमध्ये चार वटा दावी मात्र भुक्तानी गर्न बाँकी रहेको जानकारी गराउनुभयो ।
- स्पट भुक्तानीको लागि प्राप्त सुझावका सम्वन्धमा कम्पनीले अन्य कम्पनीले जस्तै प्रचार बाजी नगरी यथाशक्य चाँडो र सम्भव भएसम्म सोहि दिन नै भुक्तनी गर्दै आएको जानकारी गराउनु भयो ।

- कृषि बीमाको प्रवर्द्धनको लागि प्राप्त सुझावको सम्बन्धमा कम्पनी कृषि बीमालाई प्रवर्द्धन गर्नै पर्ने र कृषि तथा पशुबीमाको प्रवर्द्धनको लागि आवश्यक कार्यहरु गर्दै आएको जानकारी गराउनुभयो ।
- हवाई, इन्जिनियरिङ र पशुबीमामा हुने नोक्सानको सम्बन्धमा प्राप्त सुझावलाई स्वागत गर्दै सजग भई बजार अध्ययन गरि अगाडी बढने व्यहोरा जानकारी गराउनुभयो ।
- प्रति शेयर आम्दानी (EPS) घटेको सन्दर्भमा कम्पनीले गत आ.व.मा ६० प्रतिशत बोनस शेयर वितरण गरेको कारण (EPS) घटन गएको र सोको दवाब हामी व्यवस्थापनलाई पनि महसुस भएरहेको जानकारी गराउँदै आउँदा दिनहरुमा उपयुक्त लाभांस नीति अवलिम्बन गर्दै शेयरधनीहरुलाई उच्चतम लाभ प्रदान गर्न प्रयत्नशिल रहने व्यहोरा जानकारी गराउनुभयो ।
- नविकरण बीमा कम भएको सम्बन्धमा कम्पनीको कुल बीमालेखमा मोटरसाइकल बीमाको हिस्सा बढी भएको र मोटरसाइकल बीमाको नविकरण बीमा नभइ नयाँ बीमालेख नै जारी हुने कारण नविकरण प्रतिशत कम देखिएको र वास्तविक रुपमा बीमा नविकरण कम नभएको जानकारी गराउनु भयो ।
- कम्पनीको बजार मुल्य विगतको तुलनामा धेरै घटेको सन्दर्भमा करिब रु.४,३०० कायम रहेको कम्पनीको शेयरमुल्य कम्पनीको ६० प्रतिशत शेयरको वितरण पश्चात मुल्य समायोजन भई घटेको र हाल आएर समग्र बजारको प्रभाव संगै कम्पनीको शेयरमुल्य घटिरहेको जानकारी गराउनुभयो । यो अवस्था क्षणिक रहेको र कम्पनीले राम्रो व्यवसायिक प्रदर्शन गरी नाफा वृद्धि गर्न सके शेयरमुल्य बढने जानकारी गराउनु भयो ।
- कम्पनीका कर्मचारीहरुको रिटेन्सनका सन्दर्भमा कम्पनी सजग रहेको र सोहि बमोजिमले कम्पनीको विनियमावलीहरुमा आवश्यक परिवर्तन गरिएको जानकारी गराउनुभयो ।
- कर्मचारी नियुक्ति गर्दा पारदर्शी नभएको भन्ने टिप्पणी गलत रहेको जानकारी गराउँदै कम्पनीले आफ्ना कर्मचारी नियुक्ति गर्दा राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन प्रकाशन गरी परिक्षा तथा अन्तर्वाता मार्फत कर्मचारी छनोट गरी नियुक्ति गर्दै आएको जानकारी गराउनुभयो । गलत कर्मचारीको कारण अन्य कर्मचारीको प्रदर्शनमा समेत असर पर्ने कारण राम्रो कर्मचारीको नियुक्तिमा कम्पनी सजग रहेको जानकारी गराउनुभयो ।
- कम्पनीले वार्षिक रुपमै सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु गर्दै आएको र उक्त खर्चहरु वित्तिय विवरणमा सामाजिक उत्तरदायित्व अन्तर्गत नभई चन्दा अन्तर्गत लेखाकंन भएको जानकारी गराउनुभयो ।
- बैंक निक्षेपको बढ्दो व्याजदरको कम्पनीले लाभ लिने सम्बन्धि प्राप्त जिज्ञासामा कम्पनीले गत आ.ब.मा अधिक व्याजदरमै लगानी गर्न सकिएको जानकारी गराउनुभयो ।
- वित्तिय विवरणको कर्जाबाट आउन बाँकी व्याजको सन्दर्भमा कर्मचारीहरुलाई प्रदान गरिएको कर्जाको एकुअल बेसिसमा व्याज लेखाकंन गरिएको र उक्त व्याज हाल असुल भइसकेको जानकारी गराउनुभयो ।
- कानुनी तथा परामर्श खर्च बढेको सम्बन्धमा कम्पनीको शेयर व्यवस्थापन वापत आ.व. २०७३।७४ मा भएको नाफामा कमिशन, स्वास्थ्य बीमा आउटसोर्स सम्बन्धि खर्च तथा कानुनी सल्लाहकारको खर्चको कारण बढी भएको जानकारी गराउनुभयो ।
- कम्प्युटर सफ्टवेर सपोर्ट खर्चको सम्बन्धमा कम्पनीले प्रयोग गर्दै आएको सफटवेरको वार्षिक सपोर्ट खर्च तथा नयाँ बीमालेखको निर्माण गरेवापतको खर्च रहेको जानकारी गराउनुभयो ।

- नेपालनको पुँजी बजारमा आएको गिरावट संगै कम्पनीले लगानी गरेको शेयरको बजारमुल्य समेत घटन गएको जानकारी गराउनुभयो ।

११. वार्षिक साधारण सभाको निर्णय :

**साधारण प्रस्ताव तर्फ**

१. आ.व. २०७३/७४ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

२. आ.व. २०७३/७४ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

३. संचालक समितिवाट प्रस्तावित १.५२६३१६% नगद लाभांश पारित गर्ने (प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ ) निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

४. आर्थिक वर्ष २०७४/०७५ को यस कम्पनीको वित्तिय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने बारेमा लेखा परिक्षण समितिद्वारा प्रस्तावित जि.पि राजबाहक एण्ड कम्पनी, चार्टड एकाउण्टेन्टस्लाई नियुक्ति गर्ने र निजको पारिश्रमिक कर वाहेक रु.३,००,०००।- प्रदान गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

५. कम्पनीका संचालकहरुले (पद संख्या-२) आफ्नो कार्यावधी समाप्त हुनु अगावै पेश गर्नु भएको राजीनामा पश्चात संचालक समितिवाट बाँकी समयावधिको लागी श्री सौरभ ज.ब.राणा र श्री उमंग अग्रवाललाई संचालक नियूक्त गर्ने सम्वन्धी भएको निर्णयहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो । कम्पनीको स्वतन्त्र संचालक श्री सिद्धिमान वस्न्यातको नियूक्तिको लागि संचालक समितिवाट गरिएको निर्णय अनुमोदन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

**विशेष प्रस्ताव तर्फ**

६. सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पुँजीको २९ प्रतिशत वोनस शेयर वितरण गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो । वोनस शेयर वितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो अंकमा परिणत गर्ने र सो गर्दा संस्थापक शेयर र सर्वसाधारण शेयरको साविक पुँजी प्रतिशत कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी वृद्धि गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

७. कम्पनीको वाह्रौ वार्षिक साधारण सभावाट निर्णय भए बमोजिम कम्पनीको चुक्ता पूँजीमा सर्वसाधारण शेयरधनीको हिस्सा ४० प्रतिशत पुऱ्याउन साधारण शेयरको नयाँ निस्काशन गर्ने निर्णय वमोजिम नेपाल धितोपत्र वोर्डमा निष्काशन स्वीकृतिको लागि निवेदन दिईएकोमा धितोपत्र वोर्डवाट साधारण शेयरको नयाँ निष्काशनको लागि स्वीकृति प्राप्त नभएको हुँदा साधारण शेयरको नयाँ निष्काशनको निर्णय खारेज गरी प्रवन्ध पत्र तथा नियमावली संशोधन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

८. कम्पनीको चुक्ता पुँजीमा सर्वधारण शेयरधनीको हिस्सा वढाउन संस्थापक शेयरको २० प्रतिशत शेयर (कुल शेयरको १४ प्रतिशत) सर्वधारण शेयरमा परिणत गरी सर्वसाधारण शेयरको हिस्सा हाल कायम ३० प्रतिशत वाट ४४ प्रतिशत कायम गर्न प्रवन्ध पत्र तथा

नियमावलीमा आवश्यक संशोधन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो र सो कार्य सम्पन्न गर्नका लागि आवश्यक सम्पुर्ण अख्तियारी संचालक समितिलाई प्रदान गरियो ।

९ कम्पनीले आ.व.२०७३।७४ मा गरिएको चन्दा, उपहार तथा समाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरुलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

१०. प्रवन्ध-पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

११. विविध ।

क. यस कम्पनीको स्थायी कर्मचारीका रुपमा कार्यरत प्रमुख कार्यकारी अधिकृतलाई बीमा समितिको निर्देशन बमोजिम स्थायी सेवाबाट निवृत गरि करारमा नियूक्त गर्दा संचालक समितिको बैठकबाट निर्णय गरी भुक्तानी गरिएको क्षतिपुर्ति रकम र उपदान रकम अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

ख. बीमा समितिबाट जारी बीमकको कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य सुविधा सम्वन्धि मार्गदर्शन, २०७४ बमोजिम प्रमुख कार्यकारी अधिकृतको तलब भत्ता तथा अन्य सुविधाहरु निर्धारण गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**१२. धन्यवाद ज्ञापन**

यस बाहेक अन्य विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी एघारौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

सुरज राजवाहक
कम्पनी सचिव

राजेन्द्र प्रसाद श्रेष्ठ
अध्यक्ष

# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारण सभामा कम्पनीको प्रबन्ध-पत्रमा प्रस्तावित संशोधन

| प्रबन्ध-पत्रको सम्बन्धित दफा | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा ५(ख) | कम्पनीको जारी पुँजी रु.९५,३९,४६,४००/-(पंचानब्बे करोड उनन्चालिस लाख छयालिस हजार चार सय) हनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | कम्पनीको जारी पुँजी रु.१,०५,७३,१०,६०० /-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | साधारण शेयरको नयाँ निष्काशनको निर्णय खारेज गरी बोनस शेयरको माध्यमबाट पुँजी वृद्धि गर्न |
| दफा ५(ग) | कम्पनीको चुक्ता पुँजी रु.९५,३९,४६,४००/-(पंचानब्बे करोड उननचालिस लाख छयालिस हजार चार सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा बिभाजन गरिनेछ । | कम्पनीको चुक्ता पुँजी रु.१,०५,७३,१०,६०० /-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा बिभाजन गरिनेछ । | |
| दफा ७(घ) | कम्पनीको जारी पुँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१.समुह(क) संस्थापकहरुको ६० प्रतिशत हुनेछ ।<br>२.समुह(ख) सर्वसाधारणको ४० प्रतिशत हुनेछ । | कम्पनीको जारी पुँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१.समुह(क) संस्थापकहरुको ५६ प्रतिशत हुनेछ ।<br>२.समुह(ख) सर्वसाधारणको ४४ प्रतिशत हुनेछ । | पूँजी संरचना परिवर्तन गर्न |

## शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारण सभामा कम्पनीको नियमावलीमा प्रस्तावित संशोधन

| नियमावलीको सम्वन्धित नियम | हालको व्यवस्था | प्रस्तावित संशोधन | उद्देश्य |
|---|---|---|---|
| नियम ५(ख) | कम्पनीको जारी पुँजी रु.९५,३९,४६,४००/-(पंचानब्बे करोड उनन्चालिस लाख छयालिस हजार चार सय) हनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ ।<br><br>कम्पनीको चुक्ता पुँजी रु.९५,३९,४६,४००/-(पंचानब्बे करोड उनन्चालिस लाख छयालिस हजार चार सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका ९५ लाख ३९ हजार ४ सय ६४ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | कम्पनीको जारी पुँजी रु.१,०५,७३,१०,६०० /-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ ।<br><br>कम्पनीको चुक्ता पुँजी रु.१,०५,७३,१०,६०० /-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | साधारण शेयरको नयाँ निष्काशनको निर्णय खारेज गरी बोनस शेयरको माध्यमबाट पुँजी वृद्धि गर्न |
| नियम ५(ङ) | कम्पनीको जारी पुँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१. समुह (क) संस्थापकहरुको ६० प्रतिशत हुनेछ ।<br>२. समुह (ख) सर्वसाधारणको ४० प्रतिशत हुनेछ । | कम्पनीको जारी पुँजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।<br>१. समुह (क) संस्थापकहरुको ५६ प्रतिशत हुनेछ ।<br>२. समुह (ख) सर्वसाधारणको ४४ प्रतिशत हुनेछ । | पुँजी संरचना परिवर्तन गर्न |

# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संशोधित प्रबन्ध-पत्र

दफा ५ख. कम्पनीको जारी पुंजी रु.१,०५,७३,१०,६०० /-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ। जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ।

दफा ५ग. कम्पनीको चुक्ता पुंजी रु.१,०५,७३,१०,६०० /-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ। जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ।

दफा ७घ. कम्पनीको जारी पुंजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ।
१.समुह(क) संस्थापकहरुको ५६ प्रतिशत हुनेछ।
२.समुह(ख) सर्वसाधारणको ४४ प्रतिशत हुनेछ।

## शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संशोधित नियमावली

नियम ५.ख कम्पनीको जारी पुंजी रु.१,०५,७३,१०,६०० /-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ ।

कम्पनीको चुक्ता पुंजी रु.१,०५,७३,१०,६०० /-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ ।

नियम ५.ङ कम्पनीको जारी पुंजीको स्वामित्वको अनुपात निम्नानुसार हुनेछ ।

१. समुह (क) संस्थापकहरुको ५६ प्रतिशत हुनेछ ।

२. समुह (ख) सर्वसाधारणको ४४ प्रतिशत हुनेछ ।